BEST FINANCE COMPANY LTD.
बेष्ट फाइनान्स कम्पनी लि.
BFC
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त संस्था | साविक जनरल फाइनान्स लिमिटेड

Head Office
Chabahil, Kathmandu
Tel.: 01 - 4484754, 4484753
Fax.: 01 - 4484754
Email: info@bestfinance.com.np
Web: www.bestfinance.com.np

बेष्ट फाईनान्स कम्पनी लिमिटेडको २१औं साधारण सभा सम्बन्धी जारी भएको

# प्रेस विज्ञप्ती

बेष्ट फाईनान्स कम्पनी लिमिटेडको २१औं वार्षिक साधारणसभा मिति २०७४ चैत्र २४ गते, युनियन हाउस प्रा.लि.,अनामनगर काठमाडौंमा संस्थाका अध्यक्ष पदमराज न्यौपानेको सभापतित्वमा सम्पन्न भयो । उक्त साधारणसभाले सिनर्जी फाइनान्सलाई उक्त फाइनान्सको १ कित्ता बराबर बेष्ट फाइनान्स कम्पनी लिमिटेडको १ कित्ताको शेयर रेसियो निर्धारण गरी प्राप्ती गर्ने निर्णय गरेकोछ । नेपाल राष्ट्र बैंकले ग बर्गका वित्तीय संस्थाको चुक्ता पूँजी ८० करोड पुऱ्याउन दिएको निर्देशन बमोजिम यस संस्थाको चुक्ता पूँजि प्राप्ती पश्चात रु. ८९,०५,२४,२३७ पुग्ने छ ।

प्राप्ती पश्चात कम्पनीको नाम बेष्ट फाइनान्स कम्पनी लिमिटेड रहने र केन्द्रिय कार्यालय हाल सिनर्जी फाईनान्स कम्पनीको कर्पोरेट कार्यालय रहेको भवन कमलादी काठमाण्डौंमा रहनेछ । संयुक्त रुपमा कारोबार हेर्दा चैत्र २१ गतेसम्मको तथ्याङ्क अनुसार कुल निक्षेप २ अर्ब ११ करोड ६० लाख, कुल कर्जा १ अर्ब ८३ करोड ५९ लाख, कुल शाखा संख्या १४ रहने देखिन्छ । साथै सिनर्जी फाइनान्सको साधारण सभा पनि आजकै मितिमा बेष्ट फाइनान्समा गाभ्नको लागि निर्णय पारित गरेको जानकारी प्राप्त भएको छ ।

संस्थालाई थप परिस्कृत गर्दै अत्याधुनिक बैंकिङ्ग सेवा ग्राहक माझ पुऱ्याउन मोबाइल बैंकिङ्ग, एस एम एस बैंकिङ्ग, ए टि एम तथा अन्य सुविधाहरुको समेत तयारी गरिएको छ भने आन्तरिक व्यवस्थापनमा सवलिकरण गर्ने, संचालन जोखिमलाई न्यूनिकरण गर्ने उपायहरु समेत अवलम्वन गरिएको छ ।

हाल संस्थाको प्रवर्धनमा संस्थापक समुहमा गैर आवासीय नेपालीहरु राजेन्द्र कुमार शर्मा (कतार), गोविन्द प्रसाद श्रेष्ठ (गोविन्द, जापान) लगायत स्थानीय लब्ध प्रतिष्ठित व्यक्तिहरुको प्रवेशसगै नयाँ व्यवस्थापनमा संस्थाको बृद्धि गर्दै लैजाने कार्य भै रहेकोछ ।

यस संस्थाले आफ्ना ग्राहकवर्गको हितलाई संरक्षण गरी विश्वसनीय तथा गुणस्तरीय सेवा प्रदान गर्दै संस्थाको प्रगतिमा कार्यरत रहने र शेयरधनीहरुलाई उचित प्रतिफल प्रदान गर्दै जाने योजना रहेको छ ।

महेश्वर पहारी
प्रमुख कार्यकारी अधिकृत
मिति: २०७४/१२/२४
सम्पर्क फोन नं. : ९८५६०२५१४६